आकाशवाणी समाचार- नेपाली

मितिः ०४ नवम्बर २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

प्रमुख समाचार

- प्रधानमंत्री नरेंद्र मोदीले भूटानको तर्फबाट उहाँलाई समर्पित स्तूप को लागि राजा जिग्मे खेसर नामग्याल वांगचुक र भूटानी जनताप्रति आभार व्यक्त गर्नुभएको छ।
- सामाजिक न्याय एवं अधिकारिता मंत्रालयले आज नयाँ दिल्लीमा **वयो सम्मान राष्ट्रीय अभियान** को शुभारंभ गर्नेछ।
- भारतले आर्टिफिसियल इन्टेलिजेन्स-एआईको क्षेत्रमा ठूलो पहल गरेको छ। सरकारले हिजो तीन स्वदेशी एआई मोडेलहरूको शुभारम्भ गरेको छ।
- पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले चुनावी अनियमितताला‌ई लिएर दुई दिनअघि दिल्लीमा 'भारत' गठबन्धनको विरोध गरेका छन् र कांग्रेस नेता राहुल गान्धी र उहाँको पूर्ववर्ती ममता बनर्जीले घुसपैठकर्ताहरूलाई बचाउन हात मिलाएको आरोप लगाएका छन्।
- .काठमाडौंस्थित भारतीय दूतावासले सोलुखुम्बुमा दुईवटा हेलिकोप्टर ठोक्किँदा एक भारतीय नागरिकको मृत्यु भएको घटनाप्रति गहिरो दुःख व्यक्त गरेको छ।
- **६.भारतकी राजकुमारी लान्चेनबी चानुले युवा ओलम्पिक खेलहरूमा वुशु स्पर्धामा कांस्य पदक जितेर इतिहास रचेकी छन्।**

प्रधानमंत्री भूटान

प्रधानमंत्री नरेंद्र मोदीले भूटानको तर्फबाट उहाँलाई समर्पित स्तूप को लागि राजा जिग्मे खेसर नामग्याल वांगचुक र भूटानी जनताप्रति आभार व्यक्त गर्नुभएको छ। भुटानको गेलेफु माइन्डफुलनेस सिटीमा निर्माण भएका १०८ स्तूपमध्ये ७६ औं स्तूप १ नोभेम्बरमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई समर्पित गरिएको थियो | प्रधानमंत्री मोदीले सोशल मीडिया पोस्टमा भन्नु भयो कि उहाँले भारत को जनताको तर्फबाट यस सम्मानलाई गहिरो कृतज्ञताको साथ स्वीकार गर्दछन।
उहाँले भन्नुभयो, 76 औं स्तूप जाङचुब चोर्टेन भारत र भुटानको साझा आध्यात्मिक र सांस्कृतिक विरासत र दुई देशबीचको मैत्रीपूर्ण सम्बन्धको स्थायी प्रतीकको रूपमा रहनेछ।

प्रधानमंत्री-सीआरपीएफ

केन्द्रीय रिजर्भ पुलिस बल (सीआरपीएफ) को इतिहासमा यो पहिलो पटक हो कि पछिल्लो ४७ वर्षमा (सीआरपीएफ) ले लगातार १२ महिनासम्म कुनै पनि कारबाहीमा एक जना पनि जवान गुमाएको छैन ।प्रधान मन्त्री नरेन्द्र मोदीले यसलाई असाधारण उपलब्धिको रूपमा वर्णन गर्नुभएको छ ।प्रधानमन्त्रीले सामाजिक सञ्जालमा पोस्ट गर्नुहुदै यो उपलब्धिको प्रशंसा गर्नुहुदै यो तथ्यांकले धेरै कुरा बताएको बताउनु भएको छ ।सीआरपीएफका महानिर्देशक ज्ञानेन्द्र प्रताप सिंहले पनि यस विषयमा जानकारी दिनुभएको छ । उहाँले भन्नुभयो , 'गत वर्ष ३० अक्टोबरदेखि अहिलेसम्म कुनै पनि कारबाहीमा बलका कुनै पनि

जवान शहीद भएका छैनन् ।उहाँले भन्नुभयो कि यो राम्रो उपकरण, अत्याधुनिक प्रशिक्षण, सटीक रणनीति र घाइते सैनिकहरूलाई अस्पताल पुर् याउने जस्ता पहलहरूको कारण सम्भव भएको छ। यसबाहेक ठूला अपरेशनहरूमा चौबीसै घण्टा हेलिकप्टर र एयर एम्बुलेन्सको सुविधा पनि धेरै सहयोगी प्रमाणित भएको छ।

वयो सम्मान

सामाजिक न्याय एवं अधिकारिता मंत्रालयले आज नयाँ दिल्लीमा **वयो सम्मान राष्ट्रीय अभियान** को शुभारंभ गर्नेछ। यसको उद्देश्य पीढ़िहरुको बीच सम्बन्धलाई बलियो बनाउनु र ज्येष्ठ नागरिकहरूको अनुभव, बुझाइ र योगदानको सम्मान गर्ने समाजलाई बढावा दिनु हो | सामाजिक न्याय एवं अधिकारिता मंत्री वीरेंद्र कुमारले यस अभियानको औपचारिक शुभारंभ गर्नुहुनेछ। यसको लक्ष्य वरिष्ठ नागरिकहरु र युवा पीढ़ी बीच सार्थक र निरंतर जुड़ावलाई संस्थागत रूप दिनु हो। यस अभियानले युवा पीढ़ीको मनमा वरिष्ठ नागरिकहरु प्रति आपसी सम्मान, समझ, आफ्नोपन र साझा जिम्मेवारीको भावनालाई जगाउने प्रयास गर्नेछ। अभियानले पीढ़िहरुको बीच जुड़ावलाई सामुदायिक आन्दोलनको रूपमा हेरेको मन्त्रालयले जनाएको छ। यसअन्तर्गत परिवार, शैक्षिक संस्था, युवा संघसंस्था, स्वयंसेवी तथा स्थानीय संघसंस्थालाई विभिन्न उमेर समूहका बालबालिका, युवा र वृद्धवृद्धाबीच अर्थपूर्ण अन्तरक्रिया र सहकार्यका अवसर सिर्जना गर्न प्रोत्साहन गरिनेछ।

सरकार-ए.आई पहल

भारतले आर्टिफिसियल इन्टेलिजेन्स-एआईको क्षेत्रमा ठूलो पहल गरेको छ। सरकारले हिजो तीन स्वदेशी एआई मोडेलहरूको शुभारम्भ गरेको छ।यिनमा सॉकेट लैब्स को एका-1 र ज़ेन टेक आईक्यू को धीर-2बी र धीर-5बी मॉडल शामिल छ। यस अवसरमा बोल्नुहुदै इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्रालयका सचिव एस कृष्णनले भन्नुभयो , "यी मोडेलहरूको सुरूवात भारतमा एक मजबूत एआई इकोसिस्टम निर्माण गर्ने दिशामा एक महत्त्वपूर्ण कदम हो | उहाँले भन्नुभयो कि यी मॉडल्सको उपयोग साइबर सुरक्षा समेत कयौ क्षेत्रहरुमा गर्न सकिनेछ। यसबाट कामको गति र कार्यक्षमता बढ़नेछ | उहाँले भन्नुभयो कि यी एआई मोडेलहरू इन्टरनेट बिना सुरक्षित कम्प्युटर नेटवर्कका लागि पनि उपयोगी साबित हुन सक्नेछ। यसले सरकार र अन्य संवेदनशील संस्थाहरूलाई धेरै मद्दत गर्नेछ। एका-1 मॉडल, 26 दशमलव 3 अरब मानकको आधारमा तयार गरिएको छ। यसलाई लगभग 7 दशमलव 5 ट्रिलियन टोकनमा प्रशिक्षित गरिएको छ। यसले अंग्रेजीसँगै भारतका सबै २२ अनुसूचित भाषाहरूमा काम गर्न सक्दछ। यसको माध्यमबाट गणित, कोडिङ र तर्कसँग सम्बन्धित काम गर्न सकिन्छ। साथै, धीर–२बी र धीर–५बी मोडेलले इन्टरनेट बिना पनि कागजातबाट जानकारी प्राप्त गर्न सकिनेछ र धेरै कामलाई सहज बनाउनेछ। यसलाई रक्षा, सरकारी सेवा, उद्योग र शिक्षाको क्षेत्रमा प्रयोग गर्न सकिन्छ।

मुख्यमन्त्री शुभेन्दु अधिकारी

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिजो मंगलबार चुनावी अनियमितताको लिएर दुई दिनअघि दिल्लीमा 'भारत' गठबन्धनको विरोध गरेका छन् र कांग्रेस नेता राहुल गान्धी र उहाँको पूर्ववर्ती ममता बनर्जीले घुसपैठकर्ताहरूलाई बचाउन हात मिलाएको आरोप लगाएका छन्।मुख्यमंत्री सिलिगुडीमा प्रजातन्त्र बचाऊ ¥याली र प्रशासनिक बैठकमा भाग लिन सिलगुडी आइपुगेका हुन्। बागडोगरा विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै उहाले केन्द्र सरकार र निर्वाचन आयोगले अवैध आप्रवासीलाई देशबाट हटाउन प्रयास गरिरहेको बताउनुभयो ।उहाँले १ नोभेम्बर मा दिल्लीको रामलीला मैदानमा 'भारत' गठबन्धनको र् यालीमा भाग लिएकोमा पनि बनर्जीको आलोचना गर्नुभयो ।अधिकारीले दावा गर्नुभयो कि पश्चिम बंगालमा दुर्गा पूजाको कुनै पनि पंडाल को उद्घाटनको लागि उहाँलाई कसैले आमंत्रित सम्म गरेका थिएनन । श्री अधिकारीले निर्वाचन आयोगको मतदाता नामावलीको विशेष गहन संशोधन (एसआईआर) लाई समर्थन गर्नुभयो र अवैध आप्रवासीहरूलाई हटाउनका लागि यसलाई महत्त्वपूर्ण बताउनु भयो। उहाँले यो संशोधनको विरोध गर्ने गठबन्धनले भोट बैंक बचाउन र अराजकता सिर्जना गर्न खोजेको आरोप लगाउनुभयो | अधिकारीले भन्नुभयो , 'एसआईआरको अर्थ 'घुसपैठीलाई भगाउनु, भारत बचाउनु' हो। आज उनीहरू यहाँ अराजकता सिर्जना गर्न चाहन्छन्। हामीले नरेन्द्र मोदीको मार्गदर्शनमा 'दिमागी नक्सलवादी, जिहादी, आतंकवादी, परिवारवादी राजनीतिज्ञ, भ्रष्ट नेताहरू' लाई जरैदेखि उखेलेर फ्याँक्नु पर्छ। उहाँले नन्दीग्राम र राजारहाटमा भाजपाको हालैको चुनावमा भएको जितलाई पश्चिम बंगालमा बदलिँदो राजनीतिक समीकरणको प्रमाण

बताउनुभयो ।श्री अधिकारीले कोलकाता-हावडा निगम चुनावमा भाजपाको भविष्यको प्रदर्शनमा विश्वास व्यक्त गर्नुभयो ।अधिकारी ने कोलकाता-हावड़ा कॉर्पोरेशन चुनावों में भाजपा के भविष्य के प्रदर्शन पर विश्वास व्यक्त किया। आगामी नगरपालिका चुनावमा ममता बनर्जीको सम्भावित सहभागिताको बारेमा सोधिएको प्रश्नमा अधिकारीले तृणमूल कांग्रेसको वर्तमान स्थितिलाई खारेज गर्दै भन्नुभयो , "मानिसहरूले तृणमूलको 'नाम' र 'प्रतीक' मेटाएका छन्। पार्टी अब अस्तित्वमा छैन। मुख्यमन्त्रीले भन्नुभयो कि उहाँले उत्तर बंगालका जनतालाई वचन दिएका थिए कि उहाँ महिनामा कम्तिमा दुई पटक यस क्षेत्रको भ्रमण गर्नेछन्। यस समयमा प्रशासनिक कामका साथै उहाँले विकास योजनाहरूको जमीनी अवस्थाको पनि समीक्षा गर्नेछन्। उहाँले उत्तर बङ्गालका विभिन्न जिल्लाहरूमा विकास कार्यहरूको समीक्षा गरिने बताउनुभयो।

भारतीय दूतावास-नेपाल दुर्घटना

काठमाडौंस्थित भारतीय दूतावासले सोलुखुम्बुमा दुईवटा हेलिकोप्टर ठोक्किँदा एक भारतीय नागरिकको मृत्यु भएको घटनाप्रति गहिरो दुःख व्यक्त गरेको छ।

दूतावासले मृतकको शव यथाशीघ्र भारत ल्याउन नेपाली अधिकारीसँग मिलेर काम गरिरहेको जनाएको छ।

Byte

चेन्नई ओपन टेनिस

भारतकी माया राजेश्वरन रेवती र वैष्णवी अडकरको जोडीले चेन्नई ओपन टेनिस प्रतियोगितामा पहिलो पटक डब्ल्यूटीए टुरको उपाधि जितेका छन्। मायाले आठौं वरीयताकी पोल्यान्डकी कटारजिना कावालाई ६–४, २–६ र ७–६ को सोझो सेटमा हराइन्। विश्वको ६ सय उनासत्तरी नम्बरमा रहेकी मायाको यो सबैभन्दा ठूलो जित हो। यसअघि २१ वर्षीया वैष्णवी अडकरले ब्रिटेनकी बुरेजलाई ३–६, ६–३, ७–५ ले हराउँदै अर्को चरणमा स्थान बनाएकी थिइन्।